दोभान र हुल्चुक जोड्न बेलिब्रिज

सुलीकोट समाचारदाता
सुलीकोट, वैशाख २९ गते

उत्तरी गोरखाको धार्चे गाउँपालिकाको दोभान र हुल्चुक जोड्ने गरी बुढीगण्डकी नदीमाथि बेलिब्रिज निर्माणको काम भइरहेको छ।

दोभानस्थित जलविद्युत आयोजनाले बुढीगण्डकी नदीमाथि बेलिब्रिज निर्माण गर्न थालेको हो। आयोजनाले आफ्नो काम सहज बनाउनुका साथै स्थानीयवासीलाई आवतजावतमा सुविधा पुग्ने उद्देश्यले पुल निर्माण थालेको धार्चे–१, हुल्चुकका वडाध्यक्ष रामसिंह गुरुङले बताउनुभयो।

बेलिब्रिज निर्माणपछि हुल्चुकमा पहिलो पटक सवारीसाधन सहजै पुग्ने अपेक्षा गरिएको छ। धार्चे गाउँपालिकाका अन्य सबै वडामा सडक पुगे पनि पुल अभावका कारण हुल्चुकमा अहिलेसम्म सवारीसाधन पुग्न सकेको छैन।

यातायात सुविधा नहुँदा हुल्चुकवासीले दैनिक उपभोग्य वस्तु महँगो मूल्यमा किन्नुपर्ने बाध्यता छ। दोभानसम्म बजारकै मूल्यमा सामान पुगे पनि त्यहाँबाट हुल्चुक पुऱ्याउन खच्चडमार्फत प्रतिकेजी पाँच रुपियाँसम्म ढुवानी खर्च तिर्नु परेको स्थानीयले बताएका छन्। पुल सञ्चालनमा आएछि भने बजार मूल्यमा नै खाद्यान्न तथा अन्य सामान सहज रूपमा उपलब्ध हुने अपेक्षा गरिएको छ। वडाध्यक्ष गुरुङका अनुसार पुल निर्माणले जलविद्युत आयोजनाको कामलाई पनि गति दिने छ भने स्थानीय जनताको दैनिकामा प्रत्यक्ष राहत पुग्ने छ। सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत करिब पाँच करोड रुपियाँ लागतमा निर्माण भइरहेको छ।

दाउन्ने सडक एकतर्फी ढलान

नवलपरासी समाचारदाता
कावासोती, वैशाख २९ गते

नारायणगढ–बुटवल सडक विस्तार आयोजना अन्तर्गत पूर्वी नवलपरासीको पूर्वी खण्डको दाउन्ने सडकमा एकतर्फी ढलानको काम सम्पन्न भएको छ। आयोजनाको पूर्वी खण्डका सूचना अधिकारी शिव खनालका अनुसार पूर्वी खण्डमा ढलाइको बाँकी रहेको दुई सय मिटर सडक ढलानको काम सकिएपछि एकतर्फी ढलानले सडक जोडिएको छ।

नारायणगढ–बुटवल सडक विस्तार आयोजना अन्तर्गत पूर्वी खण्डमा दाउन्नेको लम्बाइ ३.९ किलोमिटर पर्छ। जसमध्ये बाँकी रहेको दुई सय मिटर सडक ढलानको काम सकिएपछि एकतर्फी कामले पूर्णता पाएको खनालले बताउनुभयो। एकतर्फी ढलानको काम सकिएपछि जेठ १ गतेदेखि यो बाटो खुल्ने र जसका कारण यात्रा गर्न सहज हुने उहाँको भनाइ छ।

अहिले दाउन्नेको पूर्वी खण्डमा करिब ३३ मिटर लम्बाइको ढलानयुक्त बाटोबाट सवारी कुदिरहेका छन्। करिब चार सय मिटरको ढलान सकिएको क्षेत्रमा अहिले सवारी सञ्चालन गरिएको छैन। जेठ १ गतेदेखि नै दाउन्नेको पूर्वी खण्डमा ढलानयुक्त सडकले जोडेर यात्रा सहज बनाउने गरी काम भइरहेको उहाँले बताउनुभयो।

सूचना अधिकारी खनालका अनुसार पूर्वी खण्डमा पर्ने ६५ किलोमिटर सडकमध्ये हाल करिब सात मिटरमा मात्र कच्ची सडकको यात्रा गर्नुपर्ने अवस्था छ। अन्य सबै क्षेत्रमा कालोपत्रे र पक्की सडकमा यात्रा गर्न सकिने भएको छ। पूर्वी खण्डमा हालको भौतिक प्रगति ८४ प्रतिशत पुगेको सूचना अधिकारी खनालले बताउनुभयो।

दाउन्नेको पश्चिम खण्डका सूचना अधिकारी इन्जिनियर विकास खनालका अनुसार अहिले यस क्षेत्रमा पहिरो नियन्त्रणका काम भइरहेको छ। नारायणगढ–बुटवल सडक विस्तारको काम २०७४ माघ २४ गते सम्भौता भई २०७९ साउन २२ गते सम्पन्न गर्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले काम सुरु गरेको थियो। नारायणगढ–बुटवल सडकको कुल ११३ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी काम अघि बढाइएको थियो। निर्धारित समयमा काम सम्पन्न नभएपछि एटक एटक म्याद थप गरिएको थियो। अहिले चौथो पटक थपिएको म्याद २०८३ साउन ८ गतेभित्र सकिने आयोजनाले दाबी गरेको छ।

एसियाली विकास बैंकको ऋण सहयोगमा अघि बढेको सडक विस्तार योजनाको दुवै खण्ड गरेर कुल १६ अर्ब ९९ करोड ५२ लाख ९६ हजार रुपियाँ लागत रहेको छ। ११३ किलोमिटर सडकमध्ये ७० किलोमिटर चार लेन, २९ किलोमिटरमा चार लेनसहित दुवैतर्फ छ/छ मिटरको सर्भिस लेन हुने छ। दाउन्नेको १४ किलोमिटर क्षेत्रमा तीन लेनको सडक निर्माण हुने बताइएको छ।

बिरामीको निःशुल्क शल्यक्रिया

काठबोला समाचारदाता
बागलुङ, वैशाख २९ गते

धवलागिरि प्रादेशिक अस्पताल बागलुङमा मङ्गलबार मोतीबिन्दु भएका ४२ जना बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ। अस्पतालको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन गरिएको निःशुल्क शल्यक्रियामा बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्लाका ४२ जना मोतीबिन्दु भएका बिरामीको सफल शल्यक्रिया गरिएको अप्थाल्मोलोजिस्ट डा. कुशल गुरुङले बताउनुभयो।

धवलागिरि प्रादेशिक अस्पताल बागलुङमार्फत बागलुङका विभिन्न स्थानसहित पर्वत, म्याग्दी र मुस्ताङमा सञ्चालन गरिएको आँखाको स्क्रिनिङ शिविरमार्फत शल्यक्रिया आवश्यक पर्ने बिरामीको पहिचान तथा लगत सङ्कलन गरिएको थियो। सोही आधारमा बिरामीलाई धवलागिरि प्रादेशिक अस्पताल बागलुङ ल्याई शल्यक्रिया गरिएको हो। हिमालयन आँखा अस्पताल पोखरा र धवलागिरि आँखा अस्पताल बागलुङको प्राविधिक सहयोगमा शल्यक्रिया गरिएको जानकारी दिइएको छ। हिमालयन आँखा अस्पताल पोखराका कन्सल्टेन्ट अप्थाल्मोलोजिस्ट डा. नारायणी भट्टराई शैकाको संयोजकत्वमा शल्यक्रिया गरिएको हो।

भूमि आयोग खारेज भए पनि रोकिएन काम

तनहुँ समाचारदाता
तनहुँ, वैशाख २९ गते

सरकारले भूमि समस्या समाधान आयोग खारेज गरे पनि तनहुँमा भने भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्य निरन्तर जारी रहेको छ। नापी कार्यालयमार्फत आयोगका प्राविधिक काम सञ्चालन भइरहेका छन्।

विघटित आयोगका सदस्यसचिव एवं नापी कार्यालय तनहुँका प्रमुख विजयकुमार सिंहले आयोग खारेज भए पनि फिल्डमा खटिएका कर्मचारीलाई नहटाइएको जानकारी दिनुभयो।

प्रमुख सिंहले भन्नुभयो, "आयोगका पदाधिकारी पदमुक्त भए पनि काम रोकिएको छैन। आयोगको नियमित काम अहिले नापी कार्यालयमार्फत भइरहेको छ। यसका लागि ११ जना कर्मचारी निरन्तर फिल्डमा खटिइरहनुभएको छ।"

अहिले नापी कार्यालयले तथ्याङ्क सङ्कलन, नापजाँच र प्रमाणीकरणका कामलाई तीव्रता दिइएको छ। कर्मचारी नफर्काइएकाले गर्दा सुकुम्बासी र भूमिहीनले लालपुर्जा पाउने प्रक्रियामा अवरोध नआउने कार्यालयको दाबी छ।

सदस्यसचिव सिंहका अनुसार तनहुँ जिल्लाभर एक हजार १०८ भूमिहीन दलित, एक हजार ८७१ भूमिहीन सुकुम्बासी र २३ हजार १६७ अव्यवस्थित बसोबासी रहेको बताइएको छ।

जिल्लामा देखिएको भूमि व्यवस्थापनका लागि प्राविधिक टोलीले काम गरिरहेकाले सरकारको पछिल्लो निर्णयले यहाँको दैनिक प्रशासनिक र प्राविधिक काममा असर नपरेको कार्यालयले जनाएको छ।

PatanAcademy of Health Sciences
Lagankhel, Lalitpur

Financial Bid Opening Notice

Date of Publication: 13 May 2026.

Pursuant to Rule No -31Ja sub-rule no- 5 of Public Procurement Regulation 2064, it is notified to all concerned that financial bids of substantially responsive bidder in technical evaluation for the following contracts will be opened at Procurement office on 14:00, 19 May 2026 in the presence of bidder's representative who choose to attend. The substantially responsive bidder in technical evaluation is mentioned below:

Contract Identification No.	Date of Publication	Item Description	Substantially Responsive Bidder
PAHS/NCB/ ICT/11/082/83	15 March 2026	Network Related ICT Items	1. Cypher Technology Pvt. Ltd. 2. Variable Solution Pvt. Ltd.

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
वीरगंज, पर्सा

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३/०१/३०

यस कार्यालय अनगर्तको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि सूचना नं. १/२०८२/०८३ मिति २०८२/१०/१५ गते कान्तिपुर दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्यादभित्र रीतपूर्वक e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कनपश्चात् सारभूत रूपमा प्रभावग्राही देखिएका बोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०८३/०२/०६ गते दिउँसो १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज (५) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	खरिद नं. र कार्य विवरण	बोलपत्रदाताको नाम र ठेगाना
1	Construction of Office Building of District Treasury Comptroller Office, Birgunj, Parsa (DTCO/PARSA/ WORKS/NCB/01/082/83)	Rastra Nirman Sewa, Basatpur-08, Rautahat Nidhyana-Shaswat J/V, Hetauda-11, Makwanpur P P Construction, Bindbasini-05, Parsa GHPL/SND JV, Janakpurdham-16, Dhanusha

कार्यालय प्रमुख

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
विराटनगर, मोरङ, कोशी प्रदेश

बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति २०८३/०१/३०

यस केन्द्रबाट प्रकाशित 1S2E विधि बमोजिम मिति २०८३।०१।०४ मा दोस्रो पटक प्रकाशित Procurement of Basic and Emergency Medicines खरीद सम्बन्धी ठेक्काको मूल्याङ्कन समितिको सिफारिस अनुसार उक्त ठेक्काको आर्थिक प्रस्ताव तपसिल अनुसारको स्थान, मिति र समयमा खोलिने भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम ५ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	बोलपत्र नं.	कामको विवरण	प्राविधिक प्रस्तावार छनौट भएका बोलपत्रदाताहरुको नामावली	आर्थिक प्रस्ताव स्थान, मिति र समय
1.	PHLMC-KOSHI/ G/NCB-R5 (Basic and Emergency Medicines)/ 2082-083	Procurement of Basic and Emergency Medicines.	१. श्री ल्युमुन मेडिकेअ प्रा. लि., काठमाडौँ २. श्री श्रीगणेश ड्रग हाउस, विराटनगर ३. श्री नेपामेड हेल्थ केयर, काठमाडौँ ४. श्री मेडिगोल्ड इन्टरनेशनल प्रा. लि., मकवानपुर ५. श्री सोहम मेडि हेल्थ, मकवानपुर	स्थानः प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर। मितिः २०८३।०२।०६ (२० मे २०२६) समयः दिनको २:०० बजे

निर्देशक

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
खप माध्यमिक विद्यालय
म.न.पा. ६, देकोचा, भक्तपुर

जग्गा खरिद सम्बन्धी सूचना

पुनः प्रकाशित मितिः २०८३/०१/३०

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खप माध्यमिक विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यक्रमहरू विस्तार गर्नका लागि जग्गा खरिद गर्नुपर्ने भएकोले म.न.पा. वडा नं. ६ देकोचास्थित हाल स्वयं मा.वि. को स्वेत 'ए' भवन भए रहेको स्थानदेखि २०० मिटरको दुरीमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित टेको-भिवा-इतापाके जग्गा एकीकरण आयोजना क्षेत्रभित्रका एउटै प्लट वा कित्ताहरू जोडिएको चहीमा ५ रोपनीभन्दा क्षेत्रफलको जग्गा बिक्री गर्न इच्छुक जग्गावालाहरू वा सम्बन्धित जग्गावालाको वारेसले आफूले बिक्री गर्न चाहेका जग्गाको हालमालको नापी नक्सा, जग्गाधनी प्रमाणपुर्जाको फोटोकपी, नागरिकताको फोटोकपी, चालु आ.व.सम्मको मालपोत चुक्ताएको रसिदको फोटोकपी, संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको फोटोकपी, आव २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको फोटोकपी र जग्गा बिक्रीसम्बन्धी अख्तियारीसहित आफूले बिक्री गर्न चाहेको जग्गाको प्रस्तावित मूल्यसहितको पुनः गोप्य सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। जग्गा बिक्रीको लागि प्रस्ताव फर्म विद्यालय जिन्सी शाखाबाट लिन सकिनेछ। प्रस्ताव फर्म लिने तथा दर्ता गर्ने अन्तिम मिति जेठ १४ गते दिनको १२:०० बजे सम्म मात्र। दर्ता भएका प्रस्ताव खोलिने मिति २०८३ जेठ १४ गते दिनको १:०० बजे। नोट : *लाभकर र राजिष्ट्रेशन दस्तुर नियमानुसार हुनेछ। यस सम्बन्धी विस्तृत जानकारीको लागि विद्यालयको जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ। कार्यालय समय विहान ८:०० देखि दिनको ३:०० बजेसम्म रहनेछ।*

खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८३/०१/३० (फोन नं. ०३१-५४००५४)

यस कार्यालयबाट मिति २०८२/१०/२८ गते राजधानी लोकप्रिय राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सूचना अनुसार पेश भएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्याङ्कन र सारभूत रुपमा प्रभावग्राही देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनोट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३, दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र. स.	ठेक्का संकेत नं.	कामको विवरण र स्थान	छनोट भएका बोलपत्रदाताको नाम ठेगाना	कबोल अंक (भ्याट सहित)
१.	KHDK/G/ NCB/01/2082/83	खडक नगरपालिका अन्तर्गतका विद्यालयहरुमा स्मार्ट बोर्ड लगायत प्रविधि मैत्री सामग्री व्यवस्थापन	बि. टि प्लानेट प्रा. लि., पुतलीसडक-२१, काठमाडौँ	रु.१,३८,४०,६९२ | ००

प्रमुख प्रशासकीय अधिकृत

वाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वाणगङ्गा, कपिलवस्तु

ठेक्का सम्झौता अन्त्य एवं कारबाही सम्बन्धी ७ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८३/०१/३०

वाणगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु र दिर्घायु कन्ट्रक्सन एण्ड ईन्जिनियर्स प्रा.लि., (प्रो. गौरव निजाल) कागेश्वरी ५, मनोहरा बिच मिति २०८१।१२।०८ मा ठेक्का नं. ५२/NCB/BMO/KAPIL/WORKS/०८१-८२ अन्तर्गत Construction of Two Storey Four Room RCC Building at Kamata School Ward 10, Shanti Ni. Ma. Vi. Ward 4 and Bal Ma. Vi. Ward 1 को निर्माण कार्यका लागि भएको सम्झौता बमोजिमको कार्य गर्नका लागि पटक पटक मौखिक तथा लिखित निर्देशन दिइएकोमा हालसम्म पनि कार्य प्रगतिमा सुधार नभएको, स्वयोषित कार्यतालिका बमोजिम अपेक्षित कार्य प्रगति हासिल नभएको, लामो समयसम्म ठेक्का अलपत्र अवस्थामा रहेको र पटक पटक प्रतिबद्धता व्यक्त गरेतापनि कार्य सुचारु नगरेको तथा कार्य सम्पन्न गर्ने तर्फ तदारुकता समेत नदेखाएको हुदाँ ठेक्का सम्झौताको GCC Clause No. 72, 74 र 75 एवं सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन अनुसार ठेक्का सम्झौता तोडि कालो सूचीमा राख्ने, सम्पन्न हुन बाकि कार्यको रकम असुल गर्ने, कार्य सम्पादन जमानत धरौटी वापतको रकम जफत लगायतको प्रक्रिया किन अगाडि नबढाउने ? कारवाही अगाडि नबढाउनु पर्ने कुनै यथोचित कारण भए ७ (सात) दिन भित्र मो को स्पष्ट लिखित जवाफ सहित स्वयंम वा आधिकारिक प्रतिनिधि यस कार्यालयमा उपस्थित हुनु हुन अन्यथा ठेक्का सम्झौताका शर्तहरू, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ एवं प्रचलित कानून बमोजिम ठेक्का अन्त्य गर्ने तर्फ आवश्यक कारवाही अगाडि बढाइने व्यहोरा समेत यर्स सूचना मार्फत जानकारी गराइन्छ।

प्रमुख प्रशासकीय अधिकृत

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा, मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८३/०१/३०)

यस कार्यालयबाट मिति २०८२/०९/०३ मा राष्ट्रिय दैनिक पत्रिका अन्तर्पूर्णमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार देहाय बमोजिमको Contract ID/वस्तु खरिद कार्यको लागि प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र "न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही" ठहर भई स्वीकृताका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

सि. न.	ठे.न.	योजनाको नाम र स्थल	बोलपत्रदाताहरुको नाम र ठेगाना	न्यूनतम कबोल अंक (भ्याट समेत) रु.	कैफियत
01.	LMUN-G04-NCB-2082-83-20	Supplying and Delivery of Smart board and Cctv works	N.K. Entreprises, Lahan-04 Siraha	1,15,07,904.18	बोलपत्र स्वीकृतको लागि सिफारिस

लहान नगरपालिका

Re-Invitation for Quotations

Rajbiraj Civil Aviation Office

Re-Invitation for Quotations for the **Construction of Generator House**
Contract Identification No: **CAAN/Rjb/ Generator House/082-83/01**

Second Date of publication: 2083/01/30

1. The Rajbiraj Civil Aviation Office invites sealed quotations for the construction of Construction of Generator House. The estimated amount for the works is ***NRS. 14,90,744.22. (Amount including 13% VAT)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Rajbiraj Civil Aviation Office, Saptari, Rajbirajcivilaviation@gmail.com , 031-465060***
3. A complete set of Bidding Documents may be purchased from Rajbiraj Civil Aviation Office, Rajbiraj, Saptari by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 +13% VAT ***till 2083/02/05 during office hours in the following account details Name of the Bank: Rastriya Banijya Bank, Bishalnagar Name of Office: Civil Aviation Authority of Nepal Office Account no.: 10901000064917001***
4. Sealed bids must be submitted to the office Rajbiraj Civil Aviation Office, Rajbiraj by hand on or before 12:00 PM on ***2083/02/06***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2083/02/06, 2:00 PM at the office of Rajbiraj Civil Aviation Office, Rajbiraj. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of ***NRS.38,000.00*** which shall be valid for 30 days beyond the validity period of the bid i:e ***2083/04/10. Account Details:- Name of the Bank: Nepal Investment Mega Bank Ltd, Biratnagar Name of Office: Biratnagar Civil Aviation Office Office Account no.: 08010300002235***
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.